# शान्त बंगलादेश : हसिनामाथिको मृत्युदण्डको आदेशपछि राजधानी सामान्य



■ एजेन्सी

ढाका । गत वर्ष विद्यार्थी विद्रोहमाथि गरिएको दमनका कारण अपदस्थ प्रधानमन्त्री शेख हसिनालाई मृत्युदण्डको सजाय सुनाइएपछि पनि मंगलबार बंगलादेशको राजधानी ढाका तथा प्रमुख सहरहरू सामान्यरूपमै सञ्चालनमा छन् । उनको पूर्वसत्तारूढ अवामी लिग पार्टीले देशव्यापी बन्दको आह्वान गरे पनि सेवासुविधा, पसल तथा विद्यालयहरू खुला रहे ।

अन्तर्राष्ट्रिय अपराध न्यायाधीकरणले गएको वर्षका विद्यार्थी आन्दोलनहरूलाई लक्षित गर्दै घातक बल प्रयोग गरेको आरोपमा हसिना तथा पूर्वगृहमन्त्री असदुज्जमान खानलाई सोमबार अनुपस्थितिमै मृत्युदण्डको सजाय सुनाएको थियो । अदालतको फैसलापछि अवामी लिगले यसलाई कंगारू अदालतभन्दै अस्वीकार गरेर मंगलबार देशव्यापी बन्दको घोषणा गरेको थियो ।

गत सोमबार हसिनाका विरोधीहरू र सुरक्षा निकायहरूबीच झडप भएको थियो । विरोधीहरूले शेख मुजीबुर रहमानको ऐतिहासिक घर भत्काउने प्रयाससमेत गरेका थिए । विरोधीले पूर्वराष्ट्रपति अब्दुल हमिदको किशोरगन्जस्थित घरमा तोडफोड गरेको स्थानीय सञ्चारमाध्यमहरूले जनाएका छन् ।

तर मंगलबार सहरमा शान्त वातावरण देखियो । ढाकाका व्यापारी मोहम्मद साइकोट हुसेनले यहाँ वास्तविक कानुनको शासन नै छैन भन्दै आफ्ना सन्तानहरूको भविष्यप्रति गहिरो चिन्ता व्यक्त गरे । उनले विगतदेखि हालसम्म सत्तामा बसेकाहरूले कानुनलाई मनपरी ढंगले प्रयोग गर्दै आएको टिप्पणी गर्दै भने, 'हाम्रा छोराछोरीहरू यस्तै वातावरणमा हुर्किरहेका छन्, न लक्ष्य छ, न भविष्य । उनीहरू कहाँ पुग्लान् भन्नेमा म अत्यन्तै चिन्तित छु ।'

७८ वर्षीया हसिनालाई मानवताविरुद्धको अपराधसम्बन्धी ५ अभियोगमा दोषी ठहर गरिएको हो । विद्यार्थी प्रदर्शनकारीहरू विरुद्ध उत्तेजक निर्देशन जारी गरेको, हेलिकोप्टर, ड्रोन तथा घातक हतियार प्रयोग गर्न आदेश दिएको आरोपमा उनलाई प्राकृतिक मृत्यु नहुँदासम्म कैदको सजाय सुनाइएको छ । एक पूर्वप्रहरी प्रमुखले राज्य साक्षी बनेपछि उनलाई ५ वर्षकै कैद सजाय सुनाइएको थियो ।

बंगलादेशले सन् २०२४ को जुलाई-अगस्टमा सरकारी जागिरको कोटा प्रणालीविरुद्ध विद्यार्थी नेतृत्वमा व्यापक विरोध प्रदर्शन भोगेको थियो । आलोचकहरूले उक्त प्रणाली हसिनाको पार्टी-सम्बद्धहरूलाई फाइदा हुने गरी लागू गरिएको आरोप लगाएका थिए । अन्तरिम सरकारले ती आन्दोलनहरूमा ८०० भन्दा बढी व्यक्तिको मृत्यु भएको र १४ हजार घाइते भएको जनाएको छ । संयुक्त राष्ट्रसंघले भने मृतक संख्या १ हजार ४०० हाराहारी रहेको अनुमान गरेको थियो ।

सन् २०२४ अगस्ट ५ को विद्रोहपछि हसिनाको १५ वर्षे लामो शासन ढल्यो । उनी र खान भारत भागे । भारतबाट सुपुर्दगी नहुने निश्चित प्रायः भएकाले मृत्युदण्ड वा कैद भोग्नुपर्ने सम्भावना न्यून मानिएको छ । हसिनाले सजायको ३० दिनभित्र आत्मसमर्पण नगरेसम्म वा गिरफ्तार नपरेसम्म अपील गर्न पाउँदिनन् । उनीहरूले प्रतिरक्षा वकिल नियुक्त गर्न नमानेका कारण राज्यद्वारा तोकिएका वकिल पनि अस्वीकार गरिएका थिए ।

# जापानको आगलागीमा १७० घर नष्ट, सयौँ विस्थापित

टोकियो । दक्षिणपश्चिमी जापानको १ बस्तीमा लागेको भीषण आगो निभाउने प्रयासमा बुधबार दिनभरि अग्निनियन्त्रक तथा आत्मरक्षा फौजका हेलिकोप्टरहरूले १७० भन्दा बढी मानिसलाई सुरक्षित स्थानमा सारेका छन् ।

जापानको फायर एन्ड डिजास्टर म्यानेजमेन्ट एजेन्सीका अनुसार कम्तीमा १७० घर पूर्णरूपमा जलेका वा क्षतिग्रस्त भएका छन् । साथै, ७० वर्ष उमेरका १ पुरुष बेपत्ता भएपछि उद्धार टोली थप सतर्कताका साथ खोजीकार्यमा जुटिरहेको जनाइएको छ । आगलागी मंगलबार साँझ ओइटा सहरको माछा मार्ने बन्दरगाह नजिकै सुरु भएको थियो । तीव्र हावाका कारण आगो फैलिँदै वरपरका घरहरू र नजिकको जंगलमा समेत पुगेको थियो । ओइटा दक्षिणी मुख्य टापु क्युशोमा अवस्थित सहर हो । दिउँसो प्रसारित जापानी टेलिभिजन दृश्यहरूमा विस्तृत क्षेत्रभरि जलेका र क्षतिग्रस्त घरहरूबाट बाक्लो धुवाँ उठिरहेको देखिन्थ्यो ।

आगो नियन्त्रणमा लिन दर्जनौँ फायर इन्जिन प्रयोग गरिएको छ र २०० भन्दा बढी अग्निनियन्त्रक खटिइरहेका छन् । तर आगलागी सुरु भएको करिब २० घण्टा बितिसक्दा पनि पूर्णरूपमा नियन्त्रणमा आउन नसकेको अधिकारीहरूले बताएका छन् ।

ग्राउन्ड सेल्फ-डिफेन्स फोर्स (जिएसडिएफ) ले पनि सहयोगस्वरूप २ वटा युएच-१ सैन्य हेलिकोप्टर परिचालन गरेको छ । ती हेलिकोप्टरले आकाशबाट निरन्तर पानी छर्केर आगो निभाउने प्रयास गरिरहेका छन् ।


## नमोबुद्ध नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

भकुण्डेवेशी, काभ्रेपलाञ्चोक

बागमती प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मिति : २०८२/०८/०४ गते**


यस नमोबुद्ध नगरपालिकाबाट मिति २०८२/०६/१२ मा नागरिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार पेश हुन आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कित एवं सारभूत रुपमा प्रभावग्राही देखिई स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनको लागि सम्बन्धित सबैको जानकारीका निम्ति यो आशयको सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| सि.नं. | बोलपत्र नं. | योजनाको नाम | बोलपत्रदाताको नाम र ठेगाना | कवोल अंक (भ्याट र पी एस सहित) |
|---|---|---|---|---|
| १ | NMUN/NCB/ WORKS/01 082/083 | Upgrading of 2 NO. Ward Office To Salthumki Road | Himalayan Cross Road Kavrepalanchok | रु. २,३९,६०,०३२।४२ |
| २ | NMUN/NCB/ WORKS/02 082/083 | Construction Of 26 Kilo Hudai Kulainthan Sadak | Sangden/ABS J.V. Kavrepalanchok | रु. १,७८,५०,९२८।३४ |

**प्रमुख प्रशासकीय अधिकृत**


# गाजामा २१९ उपचार केन्द्र सञ्चालन



■ एजेन्सी

गाजा पट्टी । गाजामा हालैको अविरल वर्षा र जाडो मौसमलाई ध्यानमा राख्दै संयुक्त राष्ट्रसंघका मानवीय निकायहरूले राहतका रकमहरू तत्कालै उपलब्ध गराउन थालेका छन् । मानवीय समन्वय कार्यालय (ओसिएचए) का अनुसार, अधिग्रहित प्यालेस्टाइनी भूभागका लागि ओसिएचए संयोजक रामिज अलाक्बारोभले अत्यावश्यक सहयोगका लागि ठुलो मात्रामा रकम छुट्याएका छन् ।

संयुक्त राष्ट्रसंघका मानवीय विषयका उच्च अधिकारी टम फ्लेचरले सुडान भ्रमणका क्रममा गाजामा रहेका आवागमनका सबै प्रकारका अवरोध हटाई अझ धेरै राहत तुरुन्तै लैजानुपर्ने माग गरे । ओसिएचए अनुसार संयुक्त राष्ट्रसंघ र सहयोगी संस्थाहरूले टेन्ट, प्लास्टिक छाउनो, अस्थायी बासस्थानका सामानलगायत जीवनरक्षक सामग्री वितरण गरिरहेका छन् । प्रभावित परिवारहरूको अवस्था बुझ्न निरन्तर मूल्यांकन भइरहेको छ ।

अलाक्बारोभले उपलब्ध गराएको रकमले खाद्यान्न, पोषण, खानेपानी, स्वास्थ्य, बसोबास, संरक्षणलगायत ३० भन्दा धेरै योजनाहरू अघि बढ्न सहयोग पुगेको बताइएको छ ।

आइतबारसम्म गाजामा सञ्चालनमा रहेका उपचार सेवा केन्द्रहरूको संख्या २०० बाट बढेर २१९ पुगेको छ । तीमध्ये १२ प्राथमिक उपचार केन्द्र, ६ उपचार बिन्दु र ४ अस्पताल उत्तरी क्षेत्रमा सञ्चालनमा छन् । ९ नोभेम्बरबाट सुरु भएको खोप अभियानअन्तर्गत ५ दिनमै ३ वर्षमुनिका ७ हजारभन्दा बढी बालबालिकाले खोप पाएका छन् । खाद्य सहयोग उपलब्ध गराउने संस्थाहरूका अनुसार, शनिबार मात्रै १९५ सामुदायिक भान्साहरूमार्फत लाखौँ परिकार प्रभावित जनतालाई वितरण गरिएको छ ।


## Barbardiya Municipality
## Office of Municipal Executive

Jayanagar Bardiya

Lumbini Province, Nepal

### Invitation for Online Bids

Date of publication:2082/08/04

Barbardiya Municipality office of Municipal Executive, jaynagar, Bardiya invites online bids from eligible bidders for the projects as mention below. Bidders may obtain further detail information by visiting PPMO egp portal bolpatra.gov.np/egp.

| S. N. | Contract ID No. | Description of works | Bid document fee (Nrs) | Bid security Amount (Nrs) | Bid Validity Period / Bid Security Validity Period | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | 37/BMO/SQ/W/ 2082-83 | Ward no.10 marmat package | 1000 | 15000.00 | 75 days | Sealed quotation |
| 2. | 38/BMO/SQ/W/ 2082-83 | Ward no.10 marmat package | 1000.00 | 15000.00 | 75 days | Sealed quotation |
| 3. | 39/BMO/SQ/W/ 2082-83 | Ward no.06 gravel road package | 1000.00 | 18000.00 | 75 days | Sealed quotation |
| 4. | 40/BMO/SQ/W/ 2082-83 | Magaragadima Kaliram Tharuko Gharnira Culvert Nirman Barbardiya-5 | 1000.00 | 15000.00 | 75 days | Sealed quotation |
| 5. | 42/BMO/SQ/G/ 2082-83 | humepipe kharid at ward no 06 | 1000.00 | 10000.00 | 75 days | Sealed quotation |
| 6. | 43/BMO/SQ/W/ 2082-83 | maanpur chowk dekhi paschi mahangitharuko ghar hudai bhaatpur samma saddak kaalopatre barbardiya-06 | 1000.00 | 25000.00 | 75 days | Sealed quotation |
| 7. | 44/BMO/SQ/W/ 2082-83 | janasakti aabi saktinagar bhawan nirman ward no.06 | 1000.00 | 40000.00 | 75 days | Sealed quotation |

**Note:** Bid validity period should be counted from the last day of bid submission and should include 30 extra days on bid validity period.anything in this notice inconsistent with bid document, bid document will prevail.

Chief Administrative Officer


# हसिनालाई सुपुर्दगी गर्ने बंगलादेशको अनुरोधलाई भारतले जबाफ नदिनेमा सजीव आशावादी

■ एजेन्सी



भर्जिनिया । बंगलादेशकी अपदस्थ प्रधानमन्त्री शेख हसिनाका छोरा सजीब वाजेदले बंगलादेश सरकारले भारतलाई गरेको सुपुर्दगी अनुरोध अवैध भएको भन्दै नयाँ दिल्लीले यस विषयमा कार्य नगर्ने विश्वास गरेका छन् । वाजेदले भारतलाई यो अनुरोधलाई कसरी सम्हाल्ने भनेर राम्रोसँग थाहा भएको जनाउँदै आफू भारतीय लोकतन्त्र र विधिको शासनमाथि विश्वस्त रहेको बताएका छन् ।

बंगलादेश अन्तर्राष्ट्रिय अपराध न्यायाधीकरणले सोमबार शेख हसिना र उनका निकट सहयोगी, पूर्वगृहमन्त्री असदुज्जमान खानलाई मृत्युदण्डको सजाय सुनाएको छ । यसैगरी तेस्रो अभियुक्त, पूर्वप्रहरी प्रमुख चौधरी अब्दुल्ला अल-मामुनलाई सन् २०२४ मा जुलाई-अगस्ट विद्रोहको क्रममा मानवता विरुद्धको अपराध गरेकोमा राज्य साक्षी बनेको कारण ५ वर्षको जेल सजाय सुनाइएको छ ।

हसिनाले आफ्नो विरुद्धमा गरिएको फैसलाको जबाफ दिँदै बिनानिर्वाचन बनेको सरकारले स्थापना गरेको र अध्यक्षता गरेको धाँधलीयुक्त न्यायाधीकरणले गरेको निर्णयमा कुनै लोकतान्त्रिक जनादेश नभएको बताएकी छन् । यसअघि, विदेश मन्त्रालयले शेख हसिनासँग सम्बन्धित बंगलादेशको अन्तर्राष्ट्रिय अपराध न्यायाधीकरणले घोषणा गरेको फैसलालाई भारतले ध्यानमा राखेको र भारत बंगलादेशका जनताको सर्वोत्तम हितका लागि प्रतिबद्ध रहेको बताएको थियो ।

# इजरायली कब्जा बलद्वारा दर्जनौँ प्यालेस्टिनीलाई गिरफ्तार



गाजा । इजरायली कब्जा बलहरूले बुधबार हेब्रोन गवर्नरेटका विभिन्न क्षेत्रहरूमा आक्रमणसहित छापा मारी, दर्जनौँ प्यालेस्टिनीहरूलाई हिरासतमा लिएर बेत उमर सहरमा घेराबन्दी गरेका छन् । प्यालेस्टिनी समाचार एजेन्सी (डब्लु ए एफ ए) ले हेब्रोन सहरको वाडी अल-हरियामा कब्जा गर्दै सेनाले आक्रमण गरेको तथा सहिद इमरान अल-अतरासको घरमा छापा मारी घरका सामग्रीहरू पूर्णरूपमा नष्ट गरेको जनाएको छ । उनीहरूले अबु कटिलामा पनि आक्रमण गरी घरहरूमा छापा मारी बासिन्दाहरूलाई हिरासतमा लिएको जनाइएको छ ।

यसै गरी हेब्रोनको पश्चिममा रहेको देइर सामेत सहरमा, कब्जा गर्ने सेनाहरूले सहरमा आक्रमण गरी धेरै युवाहरूलाई हिरासतमा लिनुका साथै एउटा घर कब्जा गरेर सैन्य ब्यारेक र सोधपुछ केन्द्रमा परिणत गरेको जनाएको छ ।

कब्जा बलहरूले बेत उमरमा सैन्य घेराबन्दी लगाई त्यहाँ जाने सबै सडकहरू बन्द गर्नुका साथै बासिन्दाहरूलाई वरिपरि घुम्न र सहर छोड्नबाट रोक लगाई दर्जनौँ प्यालेस्टिनीहरूलाई सोधपुछ गर्दै नियन्त्रणमा लिएका छन् ।


Local Government

## Duhun Rural Municipality
## Office of Rural Municipal Executive

**Hikila, Darchula**

**Sudurpaschim Province, Nepal**

### Invitation For Electronic Bids

**Date of Publication: 20 Nov. 2025 (2082-08-04)**

Duhun Rural Municipality, Office of Rural Municipal Executive, Hikila, Darchula invites electronic bids from Nepalese eligible bidders for the construction of following contract under National Competitive Bidding procedures. Eligible bidders may obtain further information from the www.bolpatra.gov.np and Duhun Rural Municipality, Office of Rural Municipal Executive, Hikila, Darchula during office hour.

| S. N. | Contract ID No. | Description of Project | Estimated Cost (Incl. VAT & PS) (NRs.) | Bid Security (NRs.) | Bid Validity Period in Days | Bid Document Price (NRs.) | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1. | DRM/NCB/ WORKS/ 03/2082/083 | Construction of Boundary Wall and Other Necessary Structures at Adminstrative Building, Duhun Rural Municipality-02, Hikila, Darchula. | 37,48,475.67/- | 90,000/- | 90 | 3000/- | Single-Stage: Single-Envelope Bidding Procedure |
| 2. | DRM/NCB/ WORKS/ 04/2082/083 | Brihat Water Supply and Sanitation Project Ward No. 1, Duhun Rural Municipality-01, Pipalchauri, Darchula. | 1,94,77,404.69/- | 4,50,000/- | 90 | 3000/- | Single-Stage: Single-Envelope Bidding Procedure |

**Chief Administrative Officer**